# इस्लाममा पोर्क अवैधताको कारण

# سبب تحريم لحم الخنزير في الإسلام

**[नेपाली–Nepali – نيبالي ]**


محمد صالح المنجد

**Mohammad Saleh Al-Munjid**

**मुहम्मद सालेह अल् मुन्जिद**

**संशोधकः अतीकुर्रहमान मु. इदरीस खान मक्की**



**2013 - 1435**

islamhouse.com

# سبب تحريم لحم الخنزير في الإسلام

« باللغة النيبالية »

إعداد:

محمد صالح المنجد

ترجمة:
محمد عثمان عالم

مراجعة:
عتيق الرحمن محمد إدريس خان مكي

प्रकाशन

आमन्त्रण तथा सहयोगी प्रदर्शन कार्यालय रबवह

المكتب التعاوني للدعوة والإرشاد وتوعية
الجاليات بالربوة - الرياض

2013 - 1435

islamhouse.com

بسم الله الرحمن الرحيم

**विस्समिल्लाहिर्रहमानिर्रहीम**

إن الحمد لله نحمده ونستعينه ونستغفره، ونعوذ بالله من شرور أنفسنا، وسيئات أعمالنا، من يهده الله فلا مضل له، ومن يضلل فلا هادي له، وبعد:

सम्पूर्ण प्रशंसा र गुणगान अल्लाह कै लागि हो। हामी उसैको प्रशंसा गर्छौं। र उसैसित मद्दत चाहन्छौं। र उसै संग क्षमा याचना गर्छौं। र हामी आफ्नो आत्माको बुराई र आफ्नो कुकर्महरुबाट अल्लाह कै शरण चाहन्छौं। जसलाई अल्लाहले मार्गदर्शित गरे ऊलाई कुनै पथभ्रष्ट गर्नसक्दैन। र जसलाई पथभ्रष्ट गरे ऊलाई कुनै मार्गदर्शित गर्न सक्दैन । तत पश्चतः

## एउटा ईसाई पोर्कको निषेध हुनुको बारेमा सोध्दै छ

**प्रशनः** इस्लामले सुंगुरलाई किन हराम (अवैध) गरेको छ यसको बावजूद कि त्यो अल्लाहको प्रणीहरुमध्ये एउटा प्राणी नै हो?

**उत्तरः** सम्पूर्ण प्रशंसा अल्लाहको लागि छ......

**प्रथमः**

हाम्रो पालनकर्ताले सुंगुरलाई खाने हराम (अवैध) घोषित गरेको हो। अल्लाह तआलाले भन्नु भएको छः ((भनिदेऊ" जो वह्रय (प्रकाशना) म माथि भएको छ त्यसमा म कुनै पनि यस्तो वस्तु पाऊँदिन जुन खानेवालाको लागि अवैध होस्, सिवाय मृत जनावर वा बगेको रगत वा सुंगुरको मासु कारण निश्चय नै यी सबै अपवित्र छन् वा मर्यादबाट हटेको कुनै चिज जसमाथि अल्लाह बाहेक अरु कसैको नाम उच्चारण गरिएको होस्।)) अल्-अन्आम १४५

अल्लाहको हामीहरुमाथि दया यो हो कि ऊसले हाम्रो लागि पवित्र वस्तुहरु वैध (जायज) गरेको छ। र अपवित्र वस्तुहरु अवैध (हराम) गरेको छ। अल्लाह तआलाले भन्नु भएको छ।

( وَيُحِلُّ لَهُمُ الطَّيِّبَاتِ وَيُحَرِّمُ عَلَيْهِمُ الْخَبَائِثَ ) الأعراف157/

**अर्थातः** ((पवित्र वस्तुहरुलाई तिनीहरुका लागि वैध तथा अपवित्र वस्तुहरुलाई अवैध गर्छन)) सूरह अल्-आअराफ १५७

फेरि हामीहरुलाई सुंगुर जनावरको अपवित्र हुनुमा कुनै पनि शंका छैन । र त्यसलाई खाने मानिसको लागि त्यो हानिकारक छ । र ती फोहर र प्रदुषित माथि आफ्नो जीवन व्यतीत ग र्छन् र त्यो यस्तो फोहर हो जसलाई मानिसको आत्मा अस्विकार गर्छ र त्यो संग घिन गर्छ।

किनभने इश्वरले जुन सुंगुरमा सृष्टि गरेका छ न् त्यो मानवीय प्राकृति र त्यसको शुद्ध स्वभावको विरुद्ध छ जसलाई पालनकर्ताले सृष्टि गरेको छ्।

**द्वितीयः**

सुंगुर खाने कारण मानव को शरीरलाई जुन हानिहरु लाग्छन्, त्यो हानिहरुलाई आजको उपचारक र चिकितसा विज्ञानले प्रमाणित गरेको छ।

- जनावहरुमध्ये सब भन्दा कोलेस्ट्रोल सुंगुरको मासुमा हुन्छ, र त्यसको अधिक्तमले मान वको रक्तमा एथ्रोसक्लेरोसिस (Atherosclerosis) बाट पीड़ित हुने संभावना बढि हुन्छ। यसै प्रकार पोर्कमा फैटी एसिडको गठन विचित्र र असामान्य हुन्छ।जुन अन्य ख ध पदार्थोमा फैटी एसिडको संरचनाबाट विभिन्न हुन्छ। त्यस कराण रक्त-पात्र ठोस् भई हाल्छ। जसरी की सुंगुर मासुको तेजाबी बनावट अरु जनावरहरुको मासुहरुको बनावट देखि विभिन्न हुन्छ्, जस कारण त्यसको चुस्ना अरु मासुहरु देखि सरल हुन्छ। र यसैकारण रक्तमा कोलेस्ट्रोल अधिक हुनु को कारण विभिन्न प्रकारका रोगहरु लाग्छन्।

- सुंगुर र त्यसको मासुबाट यो क्यान्सरहरु हुनेछन् आन्द्राभुँडी, प्रोस्टेट,मलाश्य, स्तन र रक्तक क्यान्सरहरु।

- सुंगुरको मासु र त्यसको चर्बीको कारण मोटापा बढ्छ जसकारण धेरै रोगहरु लाग्छ न् जसको उपचारमा सम्सया हुन्छ।

- सुंगुरको मासु खानुबाट लूतो (खुजली र एलर्जी) र पेट भित्र घाउ पनि हुन्छ।

- सुंगुरको मासु खानुबाट फोक्सो जलन रोग लाग्छ। जुन् लामो किटाणु, फोक्सो किटाणु र फोक्सो जलन मैकरोपियाबाट उत्पादन हुन्छ।

र सुंगुरको मासु खानुले प्रभावशाली खतराहरु हुन्छ न्। किनभने सुंगुरको मासुमा एउटा लामो किटाणु हुन्छ त्यसको नाउ तेनियासोलिम हो जुन दुई देखि तिन मिटर सम्म लामो हुन्छ। र जब त्यो किटाणु मानव को शरीरमा बढी हुन्छ त त्यस कारण उनी पागल भ इहाल्छ। र जब त्यही दिमाग (मस्तिष्क) को हिस्सामा बढ छ त हिसटेरिया जस्तो रोग लाग्छ। र जब यो हृदय (दिल) को हिस्सामा लाग्छ त यसकारण रक्तको दबाउ बढ़े र हार्ट अटेक ( heart attack) हुन्छ। यस्तै सुंगुरको मासुमा अर्को धेरै प्रकारका किटाणुहरु हुन्छन्, त्यसको बढोत्तरीले मानवलाई Paralysis (पैरालाईसिस) र कोढ़ जस्तो रोग पनि लाग्छ।

जसरी कि थाहा होला कि य स्ता केहि विशेष रोगहरु छन् जुन मानिसहरुलाई सुंगुरको मासु खाने कारण लागेको छ न कि अर्को जनावरहरुको कारण, त्यो मध्ये रोमातिज़्म, र जोड़हरुको दुख पीड़ा हो। अल्लाह तआलाले सत्य भन्नुभएको छः

"إنما حرم عليكم الميتة والدم ولحم الخنزير وما أهل به لغير الله فمن اضطر غير باغ ولا عاد فلا إثم عليه إن الله غفور رحيم" البقرة/173

((अल्लाहले तिमीहरुको निम्ति मृत जन्तु, रगत र सुंगुरको मासु अनि ती ज़बह गरिएका जनावरहरु अवैध (हराम) गरेका छन् जसमाथि अल्लाहबाहेक अरु कसैको नाम लिइएको होस्। तर, जो बाध्य छ त्यसले अवज्ञाको मनसाय नराखी र सीमा ननाघीकन् प्रयोग गर्छ भने उसलाई कुनै पाप लाग्ने छैन। निस्सन्देह अल्लाह अत्यन्तै क्षमाशील र परम दयालु छन्।)) सूरह अल बक़रह १७३

र सुंगुरको मासु खानु को यहि हानीहरु हु न् । तर एक छिन सोंचे बिचार गरेपछि तपाईलाई त्यसको मासुको हानिकारक हुनुमा कुनै पनि शंका बाँकि रहदैन । र हाम्रो आशा छ कि यसको सर्व प्रथम लाभ यो हो कि यसबाट तपाई सत्य धर्म तिर मार्गदर्शित होऊ, र एक छिन बसेर सत्यलाई खोजबिन गर, र इन्साफ र न्यायले सत्य र त्यसको अनुशरणकर्ताहरुका अनु शरण गर। र हामी अल्लाहबाट यो

प्रार्थना गर्छौं कि तपाईलाई  सत्यपथको दर्शन गराओस् जसमा तपाईको लागि लोक र परलोक दुवैमा लाभ होस्।

यदि हामिलाई सुंगुर खानुमा कुनै हानि र कष्ट थाहा हुन्दैन भने हाम्रो ईमान (आस्था) लाई त्यसको हराम हुनेबारेमा कुनै फरक (परिवर्तन) पर्दैन, र तिमीलाई थाहा छ कि निस्सन्देह अल्लाहले आदम अलैहिस्सलामलाई स्वर्गबाट एउटा यस्तो बृक्षको पाता खानुको कारण नि ष्कासित गर्नु भएको थियो जसबाट अल्लाहले रोकेको थि यो, र त्यस बृक्षको बारेमा हामीलाई केही थाहा छैन । र आदम अलैहिस्सलामलाई पनि त्यसको आवश्यकता थिएन कि उनी त्यसको अवैध हुनुको कारणलाई खोजबिन ग रुन्। तर उतिनै उसकोलागि अधिक हो, जसरीके हामीहरुको लागि अधिक हो, र सम्पूर्ण मुस्लिमहरुको लागि यतिनै अधिक हो कि उलाई थाहा हुनुपर्यो कि अल्लाहले यसलाई अवैध गरेको छ।

र सुंगुरको मासु खानुबाट केही लगातार हानिहरु हुन्छ न् त्यसको लागि यो खोज हेरौं। ((चोथौ संसारिक खोजबिन समारोह इस्लामी उपचारको विषयमा र जुन् यस पछि हो। (कुवैत ७३१)))

((أبحاث المؤتمر العالمي الرابع عن الطب الإسلامي ، ط الكويت731 وما بعدها))

**((र स्वास्थाको बचाव कुरआन र हदीसको प्रकाशमा,)) लूलूह बिन्ते सालेह (६३५ र यसपछि)**

((الوقاية الصحية في ضوء الكتاب والسنة ، لؤلؤة بنت صالح))
[635 وما بعدها ] .

**फेरि हामि फर्केर तिमीसित सोध्छौं कि हे सोध्ने व्यक्तिः**

के सुंगुर प्राचिन कालमा अवैध (हराम) थिएन जुन तिम्रो पवित्र पुस्तकको एउटा हिस्सा नै होः
((अपवित्र वस्तुहरु न खाऊ; यो जनावरहरु जसलाई तिमीहरु खादैछौ... र सुंगुर किनभने त्यो खुरलाई चर्काउछ्...र त्यो अपवित्र हो। र त्यसको मासु न खाऊ र त्यसका शरीरलाई स्पर्श नगर्नु))

**(सिफ्र तासनियाको१४/३-८ र यस्तै सिफ्र लाविियिन 11/17-18)**

र यहूदीहरुमाथि सुंगुर अवैध हुनुको कारण लाई वर्णन गर्ने आवश्यकता छैन कि हामी यसमाथि कुनै प्रमाण पेश गरौं। यदि तपाईलाई केहि शंका लाग्छ् भने त्यो समुदायसित सोध उनीहरु तपाईलाई यसको विषयमा खबर गर्ने छन्, तर हामी तपाईलाई यसमाथि सतर्क गर्छौं जुन तिम्रो पवित्र पुस्तकमा उल्लेख छ्। तर आजको युगमा जुन तिमीहरु सित यो भन्छ कि तौरातका आदेशहरु तिमीहरुको अधिकारमा साबित छ, त्यसलाई परिवर्तन गर्ने सम्भव छैन; के यसको बारेमा मसिहले भनेको छैनः? (( तिमीहरु यो कल्पना न गर्नु

कि म  स्वर्गदूत्त र दूतहरुको  क्रमलाई अन्त गर्नुको  लागि आएको हूँ बरू त्यसलाई पूर्ण गर्नुको लागि आएको छूँ; र म तिमीहरुको लागि सत्य नै भ न्छु यहाँ सम्म कि आकाश र पृथ्वी बर्बाद भ इहालछ र  स्वर्गदूत्त (नामुस)को एउटा बिन्दु (नुक्ता) र अक्षर अन्त हुदैन यहाँसम्म कि सम्पूर्ण वस्तुहरु अन्तय भइहालछ।)) **(मत्ता5/17-18)**

यस श्लोक (नस्स) को कारण हामीलाई आवश्यकता छैन कि हामी आजको  युगमा अर्को आदेशलाई खोजबिन गरौं, किनभने हामी यता अर्को श्लोक (नस्स) पेश गर्छौं जसबाट यो सिध्द भइहाल्छ कि सुंगुर अपवित्र र नपाक नै होः

((र उता पहाड़को नजिक सुंगुरहरुका एउटा ठूलो समूह चर्दै थिए र उता तिर शैतान  यो भन्दै आ  योः हामीहरुलाई सुंगुर तिर पठाइऐको छ ताकि हामी यसमा प्रवेश गरौं। फेरि उनीहरुलाई उस्तै  नै आदेश मि ल्यो, र अपवित्र आत्माहरु निस्किऐर सुंगुरहरुमा प्रवेश गरे)) **((इन्जिल मरकस ५/११-१३))**

र अर्को श्लोक मा यो उल्लेख छ कि सुंगुरहरु फोहर हुन्छन्, र यसलाई चराउने व्यक्ति नीच र घृ णायोग्य हुन्छ। **((मत्ता६७, दोस्रो दूत बतरसको संदेश २/२ लूका १५/११-१५))**

हुन्सक्छ् तपाई यो भन्छौं कि यो मन्सूख ( स्थगित) नै हो, र बतरस, अथवा पोलिसले भनेको छ?!!

र उस्तै अल्लाहको आदेश र तौरात र मसिहको आदेश पनि मन्सूख (स्थगित) हुन्छ जुन यो उल्लेख गर्छ कि त्यो आकाश र पृथ्वी जस्तै नै साबित छ। र यो सम्पूर्ण परिवर्तन हुन्छ् र पोलिस अथवा बतरसको आदेशबाट मन्सूख (स्थगित) हुन्छ?!

तर हामी यो मान्छौं कि त्यो सत्य हो, र त्यसको वैधता वास्तवमा मन्सूख भएको छ, फेरि किन तपाई त्यसको इस्लाममा अवैध (हराम) हुनेलाई अस्विकार गर्छौं जसरी कि त्यो तपाईको नजिक पहिलो चोटि थिए?

## तुतीयः

यदि तपाँई यो भन्नु स् कि जब त्यो खानु को लागि हराम (अवैध) छ, फेरि अल्लाहले यस सुंगुरलाई किन सृष्टि गर्यो? त्यसो भए त म मात्र यति सोध्दैन कि यस्तो यस्तो वस्तुहरुलाई किन सृष्टि ग र्यो, र हामी तपाईसित यही नै सोध्छौं कि किन अल्लाहले यस्तो यस्तो हानि पुर्याउने र यस्तो फोहर वस्तुहरुलाई सृष्टि ग र्यो, तर हामी तपाईसित मात्र यो सोध्छौं कि अल्लाहले शैतानलाई किन सृष्टि गर्यो?

के यो सृष्टिकर्ताको अधिकारहरुमध्ये हो इन कि उनी आफ्ना सेवकहरुलाई जुन चाहनु हुन्छ त्यसलाई आदेश गर्नु हुन्छ, र

उनीहरुमा आफ्ना चाहना अनुसार आदेश गर्नु हुन्छ कुनै उनका आदेश र कलेमालाई परिवर्तन गर्ने शक्ति राखदैन?

के सृष्टि पूजारीहरुको अधिकार मध्ये यो हो इन कि उनी आफ्ना पालनकर्ताकोलागि यो भनौं। हामी सुन्यो र अनु शरण गर्यो?

(त्यसको स्वाद तपाईलाई रुची लाग्छ, र त्यस लाई खाने तपाईको इच्छा हुन्छ, र त्यसको आसपासबाट तपाई आनन्द लिन्छौं, तर तपाई तब सम्म स्वर्गका अधिकारवादी हुन्दैनौं जबसम्म तपाई आफ्नो हृदय इच्छालाई त्यस अल्लाह को लागि बलिदान गर्दैनौ?

**و صلى الله عليه وسلم على نبينا محمد و على آله و صحبه أجمعين**

**Abufaisalalam11@gmail.com**